**कार्यविधि नम्वर**

**सुर्नया गाउपालिकाको**

सुर्नया गाउँपालिका स्थानीय कृषि व्यवसाय प्रवर्द्धन कार्यविधि २०७५

**गाउकार्यापालिकावाट स्विकृत मिति २०७५/०९/२८**
**प्रमाणिकरण मिति २०७५/०९/३०**

सुर्नया गाउँपालिका स्थानीय कृषि व्यवसाय प्रवर्द्धन कार्यविधि
२०७५

**प्रस्तावनाः**

नेपालको करिब ६३ प्रतिशत जनसङ्ख्या रोजगारी तथा जीविकाको लागि निर्भर रहेको एवम् कुल गार्हस्थ्य उत्पादनमा करिब ३२ प्रतिशत योगदान रहेको नेपालको कृषि क्षेत्रमा साना र मझौला किसानहरूको बढी संलग्नता रहेको अवस्था छ । मूलतः कृषि प्रणाली निर्वाहमुखी हुनु र यसमा संलग्न श्रमिकहरूको उत्पादकत्व निकै कम रहँदा यस क्षेत्रबाट श्रमशक्तिको पलायन बढ्दो छ । नेपालको संविधानले खाद्यसम्बन्धी अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको सन्दर्भमा प्राकृतिक तथा अन्य सङ्कटका कारण उत्पन्न हुनसक्ने खाद्य सङ्कटको अवस्थालाई मध्यनजर गर्दै प्रमुख खाद्यान्नको आत्मनिर्भरताका लागि आवश्यक व्यवस्था गर्नुपरेको छ । देशको भौगोलिक परिवेश, उपलब्ध कृषि शिक्षा, अनुसन्धान, उन्नत बिउबिजन र प्रविधि, स्रोतसाधन, कृषि उद्यमी, युवा तथा सीमान्त कृषक वर्गको चाहना, तुलनात्मक लाभ र राष्ट्रिय आवश्यकता तथा कृषिजन्य उत्पादन एवम् व्यापारमा प्रतिस्पर्धा, व्यावसायीकरण, यान्त्रिकीकरण र विविधीकरण गरी कृषि क्षेत्रको रूपान्तरण गर्नु जरुरी छ । साथै सरकारी, सहकारी र निजी साझेदारीको अवधारणा अङ्गीकार गर्दै कृषि पेशालाई उच्च सम्मानजनक बनाई आयआर्जन तथा रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, व्यापार सन्तुलन, दिगो र सन्तुलित विकास, खाद्य तथा पोषण सुरक्षामा जोड दिनु आवश्यक छ । बढ्दो जनसङ्ख्याको चापलाई धान्न सक्ने गरी खाद्य तथा अन्य आधारभूत आवश्यकता पूरा गर्न कृषि उत्पादन र उत्पादकत्व बढाउनुपर्ने स्थिति रहेको छ । अतः सुर्नया गाउँपालिका क्षेत्र भित्रको कृषिको व्यवसायीकरण गर्न, कृषि व्यवसायको प्रवर्द्धन एवं व्यवस्थापन गर्न, कृषक एवम् कृषि व्यवसायी बीच आपसी सम्बन्ध सुदृढ गर्न तथा कृषि करारको माध्यमबाट उत्पादन बढाउन र बजारीकरणद्वारा व्यवसायिकरूपमा समग्र कृषि विकासका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले सुर्नया गाउँपालिकाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम **"सुर्नया गाउँपालिका स्थानीय कृषि व्यवसाय प्रवर्द्धन कार्यविधि २०७५"** जारी गरेको छ ।

परिच्छेद १

**प्रारम्भिक** नाम, परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "स्थानीय कृषि व्यवसाय प्रवर्द्धन कार्यविधि, २०७५" रहेकोछ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) " प्रमूख" भन्नाले गाउँपालिकाको प्रमूख लाई सम्झनु पर्छ।

(ख) "उत्पादक" भन्नाले कृषिवस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फार्म वा सहकारीलाई सम्झनु पर्छ।

(ग) "एजेन्ट" भन्नाले कृषि उद्यमी, व्यवसायी, कृषि बजार वा कृषिजन्य वस्तुहरूको कारोबार गर्ने दर्तावाला व्यक्ति सम्झनु पर्छ र सो शव्दले सँगठित संस्थाको प्रतिनिधिलाई समेत जनाउँछ।

(घ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनुपर्छ।

(ङ.) "कोष"भन्नाले यस कार्यविधिको दफा ४२ बमोजिम स्थापित भएको कृषि व्यवसाय प्रवर्द्धन कोषलाई सम्झनु पर्छ।

(च) "कृषक" भन्नाले यस कार्यविधिको प्रयोजनकालागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यवसायिक कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषि फर्म र कृषि सहकारी समेतलाई सम्झनु पर्छ।

(छ) "कृषि" भन्नाले अनुसूची (१) मा उल्लेख भए बमोजिमका बिषयसंग सम्वन्धित कृषिलाई सम्झनु पर्दछ र सो शव्दले व्यावसायिक कृषिलाई समेत जनाउँछ।

(ज) "कृषि फार्म" भन्नाले व्यवसायिक प्रयोजनको लागि अनुसूची (१) बमोजिमका बाली उत्पादनका लागि सञ्चालन गरिएको कृषि फार्म सम्झनु पर्छ।

(झ) "कृषि  बजार" भन्नाले कृषि उपजको ग्रेडिङ्ग, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपजको बिक्री वितरण गर्ने कृषि बजार सम्झनु पर्छ।

(ञ) "कृषि वस्तु" भन्नाले कृषकले कुनै बोट विरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु सम्झनु पर्छ।

(ट) "कृषि व्यवसाय" भन्नाले देहायको व्यवसाय सम्झनु पर्छ :- (१) व्यावसायिक उद्देश्यले गरिने कृषि बाली वा बस्तुको उत्पादन, (२) कृषिजन्य वस्तुको प्रशोधन, (३) कृषि उपजको व्यापार, (४) कृषि उत्पादनका लागि प्रयोग हुने रासायनिक वा प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण, (५) कृषि उत्पादनको लागि प्रयोग  हुने विउ, वेर्ना, नश्ल र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण, (६) कृषिमा प्रयोग हुने औषधि एवम् विषादीको उत्पादन, परामर्श, भण्डारण तथा बिकी व्यवसाय।

(ठ)  "खुद्रा बजार" भन्नाले कुनै विक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा बजारलाई सम्झनु  पर्छ।

(ड)  "नगरपालिका" भन्नाले सुर्नया गाउँपालिकालाई सम्झनु पर्छ।

(ढ)  "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस कार्यविधि बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ण) "थोक बजार" भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषिवस्तु बिक्री वितरण गर्ने स्थलको थोक बजारलाई सम्झनु पर्छ।

(त) "प्रमुख" भन्नाले सुर्नया गाउँपालिकाको प्रमुख सम्झनु पर्छ।

(थ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सुर्नया गाउपालिका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(द) "बिक्रेता" भन्नाले कृषि वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई सम्झनु पर्छ।

(ध) “मन्त्रालय” भन्नाले संघ तथा प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनु पर्दछ ।

(न) “व्यवसायिक कृषि करार” भन्नाले व्यवसायिक कृषि खेती वा कृषि फार्मको सञ्चालन, कृषिवस्तुको व्यावसायिक उत्पादन, खरिद, विक्री, सञ्चय र बजारीकरण गर्न वा कृषि व्यवसाय प्रबर्द्धन गर्न दुई वा दुईभन्दा बढी पक्ष वीच भएको सम्झौता वा व्यवसायिक कृषि करारलाई सम्झनु पर्दछ ।

यस शब्दले व्यवसायिक कृषि प्रयोजनको लागि व्यक्तिगत वा संस्थागतरूपमा लिजमा लिन दिन वा कृषिजन्य उद्योगको लागि कृषि वस्तु वा वालीको उत्पादन वा आपुर्ति गर्न दुई वा दुई भन्दा बढी पक्षहरू बीच क्षेत्रफल, परिमाण, मूल्य र गुणस्तरको आधारमा भएको करारलाई समेत जनाउँछ ।

(प) “वडा” भन्नाले **सुर्नया** गाउँपालिकाको वडा सम्झनुपर्छ ।

(फ) “समिति” भन्नाले यस कार्यविधिको दफा २० बमोजिम गठन भएको कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

(व) “सभा” भन्नाले सुर्नया गाउँ सभालाई सम्झनु पर्छ ।

(भ) “सकंलन केन्द्र” भन्नाले कृषकहरूले दोस्रो बजारमा विक्री गर्ने उद्देश्यले कृषि उपज संकलन गरेर विक्रेतालाई विक्री गर्ने संकलन केन्द्रलाई सम्झनु पर्छ ।

(म) “हाट-बजार” भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन विक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृत लिई सञ्चालन भएको हाट बजारलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## कृषि कार्यक्रम कार्यान्वयन प्रकृया

(३) यस कार्यविधि अनुरुप गाउपालिका भीत्रका कृषि कार्यक्रमहरु साना किसान, अगुवा किसान, व्यवसायिक किसान, कृषक समुह, कृषि सहकारी, गैसस, कृषि फार्म, निजी क्षेत्र आदि संगको साझेदारी र गाउँपालिकाले आफ्ना कर्मचारी परिचालन मार्फत निम्न वमोजिम कार्यान्वयन गर्ने छ ।

(क) गाउँपालिकाले तोकेको वा निर्धारण गरेको पकेट, व्लक र जोनको प्रवर्द्धन हुने गरि योजना निर्माण, प्रविधि प्रसार, उपकरण तथा मसिनरी अनुदानमा उपलब्ध गर्नुका साथै कृषकहरुको क्षमता अभिबृद्धि गरीने छ ।

(ख) व्यवसायिक किसान, फर्म, सहकारी, कृषि समुह, कृषि संग सम्वन्धित गैसस, नीजि संस्था मार्फत कृषिको व्यवसायिरणका लागि सूचना प्रवाह गरि मागका आधारमा निवेदन/प्रस्तावना स्विकृति गरेर साझेदारीमा कार्यक्रम संचालन गरीने छ ।

(ग) गाउँपालिकाले पकेटमा तोकेको वस्तुहरुको उत्पादन वृद्धि, प्रशोधन, भण्डारण, बजारीकारण कार्यका लागि निजी फर्म, सहकारी, कृषक समुह, गैसस आदि संग साझेदारी गर्नेछ ।

(घ) साना किसानहरुको हकमा कृषक समुह मार्फत गाउँपालिकाले जनशक्ति परिचालन वा आवश्यक भए साझेदारी मार्फत परिचालन गरि सहयोग गर्नेछ ।

(ङ) साना किसानहरुको पोषण सुधारका लागि नविनतम प्रविधियुक्त होम गार्डेन प्रवर्द्धनका लागि आवश्यक सहयोग गर्नेछ ।

**४. कृषक समुह समन्वय समिति गठन र परिचालनः**

(१) यस कार्यविधि अनुरुप गाउँपालिका क्षेत्रमा कृषिको उत्पादन वृद्धि, प्रवर्द्धन तथा व्यवसायिकरणका लागि कृषक समुह समन्वय समिति गठन तथा परिचालन निम्न अनुसार हुनेछ ।

(क) साना किसानहरुले आफ्नो टोलमा पाईक पर्ने स्थानमा साझा उद्देश्यका साथ सामुहिक प्रतिवद्धता गरि १५ देखी २५ जना सम्मको कृषक समुह गठन गर्न सक्नेछन ।

(ख) कृषक समुह गाउँपालिकाको आर्थिक विकास शाखा अन्तरगतको कृषि ईकाईमा तोकेको शुल्क तिरी कार्यालयबाट उपलब्ध हुने फर्मेट बमोजिमको निबेदन तथा विवरण फारम, समुहबाट पारित बिधान तथा समुह गठन गर्दाको निर्णयको प्रतिलिपि, सम्वन्धीत वडा कार्यालयको सिफारिस सहित दर्ता गर्नु पर्नेछ ।

(ग) यस कार्यविधि भन्दा पहिले गठन भई साविकको जिल्ला कृषि बिकास कार्यालयमा दर्ता भएका समुह यसै अन्तरगत गठन भएको मानीने छ ।

(घ) गाउँपालिकाले वडा स्तरमा तोकेको पकेटमा पहिलो प्राथमिकता, दोश्रो प्राथमिकता, तेश्रो प्राथमिकता लगायतका वस्तुहरुको व्यवसायिकरण र प्रवर्द्धनकालागि उक्त वस्तुका व्यवसायिक किसानहरुको वस्तु अनुसार भिन्ना भिन्नै समन्वय समिति गठन गर्ने । जस्तै ओखर पकेटमा ओखरखेती किसान समन्वय समिति, तरकारी पकेटमा तरकारी खेती किसान समन्वय समिति, आलु पकेटमा आलुखेती किसान समन्वय समिति आदि ।

(ङ) किसानहरुले वडातहका सवै समन्वय समितिवाट १/१ जना प्रतिनिधि भेला गराई गाउँपालिका स्तरिय ... सदस्यीयस मावेसीमुलक गाउँपालिका कृषि समन्वय समिति गठन गर्ने ।

च) कृषक समूह तथा समन्वय समितले प्रत्येक वर्ष गाउँपालिकामा तोकिएको शुल्क तिरी नविकरण गर्नु पर्नेछ ।

**५. कृषक समूह तथा कृषक समन्वय समिती मार्फत संचालन गरीने कार्यक्रमहरु**

कं) गाउँपालिकामा दर्ता भएका तथा प्रत्येक वर्ष नविकरण भएका कृषक समूह र कृषक समन्वय समितीहरुलाई समितीको उद्धेश्य अनुसार कार्यक्रम संचालन गर्नका लागि प्रस्ताव पेश गर्न गाउँपालिकाले सूचना प्रवाह गर्नेछ

ख) प्रवाह गरेको सूचनाको आधारमा प्रस्ताव पेश गर्ने कृषक समूह तथा कृषक समूह समन्वय समितीको प्रस्ताव उपर तोकीएको छनौटका आधारमा परियोजना छनौट गरी कार्यक्रमले प्राप्त गर्ने प्रतिफलहरु सहित सम्झौता गरी कार्यक्रम संचालन गरीनेछ ।

ग) योजनाहरुको भुक्तानी कार्य-प्रगतीका आधारमा गरीने छ ।

**६. कृषि व्यवसायलाई सुविधा दिनेः**

(१) गाउपालिकाले कृषि व्यवसायका लागि देहाय बमोजिम छुट तथा सुविधा दिन सक्नेछ :-

(क) स्थानीय कर निकासी शुल्क

(ख) कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी प्रविधि प्रयोग र विस्तारमा अनुदान जस्तै ढुवानी साधन,यान्त्रिक उपकरण आदि ।

(२) उपदफा (१) बमोजिम दिइने छुट तथा सुविधाहरू तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम दिइने सुविधाको अतिरिक्त अन्य सुविधा समितिको सिफारिसमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ३
## व्यवसायीक कृषि सम्बन्धि व्यवस्था

७. व्यवसायीक कृषिमा प्राविधिक तथा आर्थिक सहयोगका लागि कृषक समूह, कृषि सहकारी तथा कृषि उद्यमीले यस कार्यविधि अनुसारको सेवा प्राप्त गर्न सक्नेछन् ।

८. कृषक समूह र कृषि उद्यमीहरु गाउँपालिकामा विधिवतरुपमा दर्ता भएको हुनु पर्नेछ । विगतमा साना तथा घरेलु उद्योग कार्यालयमा दर्ता भएका फर्महरुले पुनः गाउँपालिकामा दर्ता गर्नु पर्ने छ ।

९. व्यवसायीकरुपमा कुनै निश्चित बालीवस्तु उत्पादन, प्रशोधन तथा बजारीकरणका लागि गाउँपालिकामा इच्छापत्र पेश गर्नु पर्नेछ । इच्छापत्र पेश गर्ने बारेमा गाउँपालिकाले आगामी आ.व.का. लागि जेठ महिनामा अनुसुची २ अनुसारको ढाँचामा इच्छापत्र पेश गर्ने बारेमा १ महिने सूचना प्रवाह गर्नेछ ।

१०. प्राप्त निवेदनहरुलाई **कृषि व्यवसाय प्रवर्द्धन समिती**ले कृषि व्यवसायहरुलाई साना व्यवसायी, मझौला व्यवसायी र ठुला व्यवसायी गरी प्रत्येक विधा जस्तै बाली, बागवानी, मत्स्य, च्याउ, औद्योगिक बाली, पशुपालन, पंक्षिपालन आदीमा

बर्गिकरण गर्नेछ। साना व्यवसायी, मझौला व्यवसायी र ठुला व्यवसायीमा बर्गिकरण गर्नका लागि विभिन्न विधामा आधारहरु अनुसूची ३ अनुसार हुनेछ।

११. कृषि बजार संचालन, कृषि सामग्री उत्पादन गर्ने निजी क्षेत्र को हकमा पनि व्यवसाय प्रवर्द्धन समितीले सम्भाव्यता, औचित्यता आदीका आधारमा व्यवसायलाई वर्गिकरण गरी अनुदानका आधारहरु तय गर्नेछ।

१२. प्राप्त भएका इच्छापत्रहरुलाई सम्भाव्यता, प्राथमिकता र उपलब्ध स्रोतका आधारमा कृषि व्यवसाय प्रवर्द्धन समितीले छनौट गरी अनुसूची ४अनुसारको ढाँचामा पूर्ण प्रस्ताव पेश गर्न समितीले आ.व.को साउन महिनामा पत्राचार गर्नेछ।

१३. प्राप्त भएका प्रस्तावहरुको स्थलगत अनुगमन गरी गाउँपालिकामा प्रतिवेदन पेश गर्ने कार्य भदौ महिनामा गर्न समितीले कृषि शाखालाई जिम्मेवारी दिनेछ।

१४. उपलब्ध स्रोत, सम्भाव्यता र प्राथमिकताका आधारमा परियोजना छनौट गर्ने कार्य समितीले असोज महिना भित्र गरी सक्नेछ।

१५. व्यवसायीक कृषि पेशा संचालनका लागि गाउँपालिकाले तपशिल बमोजिम अनुदान उपलब्ध गराउने छ। व्यवसायीहरुको वर्गिकरण गर्दा अनुसुची ३ अनुसार गरीने छ।

| विवरण | अनुदान प्रतिशतमा | | |
|---|---|---|---|
| | साना व्यवसायी | मझौला व्यवसायी | ठूला व्यवसायी |
| मूल बीउ | | | |
| उन्नत बीउ | | | |
| फलफूलका बोट विरुवा | | | |
| रासायनिक मल, प्रांगारीक मल | | | |
| माछा भुरा | | | |
| कुखुरा हाँसका चल्ला | | | |
| माछा पोखरी निर्माण | | | |
| माछा पालनको लागि प्राकृतिक घोल ताल सुदृढीकरण | | | |
| माछा ह्याचरी स्थापना | | | |
| टिस्युकल्चर ल्याव स्थापन | | | |
| कृषि यन्त्रहरु (मिनी ट्र्याक्टर, पावर टिलर, थ्रेसर, रोटाभेटर, एरियटर, दाना बनाउने मेसिन, घास काट्ने मेसिन, मकै छोडाउने मेसिन, राइस टान्सप्लान्टर, पोट्याटो प्लान्टर, विडर, हार्भेष्टर आदी) | | | |
| नविन प्रविधि (पोली हाउस, थोपा सिचाई, फर्टिगेशन आदी) | | | |
| साना सिचाई | | | |
| प्राविधिक सेवा | | | |
| गोठ सुधार | | | |
| भकारो सुधार | | | |
| प्रांगारीक उत्पादन | | | |

| | | | |
|---|---|---|---|
| हाट बजार संचालन | | | |
| पोष्ट हार्भेट (कृषिजन्य उद्योग स्थापना, भण्डारण, क्रेट, सिड विन आदी ) | | | |
| व्यसायीक पशुपालन (गाई पालन, भैसी पालन, बंगुर पालन ) | | | |
| व्यवायीक कुखुरा पालन | | | |
| व्यवसायीक च्याउ उत्पादन | | | |

१६. छनौट भएका प्रस्तावहरुलाई कार्यान्वयन गर्न गाउँपालिकाको कृषि शाखा र सम्बन्धित पार्टी बीच सम्झौता गर्नु पर्ने छ। सम्झौतामा प्रस्तावमा उल्लेख भए अनुसार वा दुवै पक्ष बीच सहमती भए अनुसारको लक्ष, उद्धेश्य, प्रतिफल झल्कने गरी क्रियाकलापहरु सहित कार्य प्रगती जाँच गर्ने समय, आधारहरु उल्लेख गर्नु पर्ने छ।

१७.व्यवसायीक कृषिको लागि गरीने योजनाहरुको भुक्तानी कार्य-प्रगतीका आधारमा गरीने छ।

१८. स्विकृत प्रस्तावहरुको दीर्घकालिनरुपमा सम्झौतामा उल्लेख भए अनुसारको व्यवसाय नगरेको पाईएमा निज व्यक्ति, समूह वा सहकारीका सदस्यहरुबाट असुल उपर गरीने छ।

## परिच्छेद ४
## कृषि उत्पादन समाग्रीहरु उत्पादन सम्वन्धी व्यवस्था

१९. कृषिजन्य बालीवस्तु उत्पादन गर्न आवश्यक पर्ने रासायनिक मल, पराङ्गारीक मल, बीउ विजन, वेर्ना, नश्ल, भुरा, पशुपंछी औषधी, जैविक तथा रासायनिक विषादी, कृषि औजार, उपकरणहरु उत्पादन गरी स्थानीयरुपमा रोजगारी सृजना गर्ने र कृषि उत्पादन सामग्रीहरु स्थानीय स्तरमा उत्पादन गरी सर्वसुलभरुपमा कृषकहरुलाई उपलब्ध गराउने गरी यस गाउँपालिका क्षेत्र भित्रका उद्यमीहरुलाई प्रोत्साहन गर्ने गरी निम्न बमोजिमका व्यवस्था गरीने छ।

क) कृषि उत्पादन सामग्रीहरु उत्पादन गर्न इच्छुक फर्मलाई आशयपत्र पेश गर्न १ महिने सूचना प्रकाशन गरीने छ।

ख) आशयपत्रहरु उपर कृषि व्यवसाय प्रवर्द्धन समितीले तोकिएको मूल्याँकनका आधारमा छोटो सूचि प्रकाशन गरी व्यवसायीक योजना सहितका पूर्ण प्रस्ताव पेश गर्न १ महिने सूचना प्रकाशन गर्ने छ।

ग) निर्धारीत मूल्याँकनका आधारमा Independent Evaluator ले पूर्ण प्रस्तावहरुको मूल्याँकन गरी निर्णयार्थ समिती समक्ष पेश गर्ने छ।

घ) उपलब्ध स्रोत, साधनहरुको आधारमा छनौट गरीएका फर्महरु संग क्रमांगतरुपमा सम्झौता गरी कार्यक्रम संचालन गरीनेछ।

## परिच्छेद ५
## कृषि परामर्स सेवा सम्वन्धी व्यवस्था

२०. व्यवायीक कृषि उत्पादन गर्न आवश्य पर्ने कृषि प्राविधिक सेवा प्रदान गर्न चाहने परामर्ष सेवादाताले गाउँपालिकाकमा विधिवतरुपमा फर्म दर्ता गरेको हुनु पर्ने छ।

२१. कृषि परामर्षदाताले नगरपालिकाको निश्चित क्षेत्रमा बालीको हकमा क्षेत्रफल तोकेर र पशुपंक्षिको हकमा संख्या तोकेर नविन कृषि प्रविधि सहितको परामर्ष सेवा प्रदान गर्ने दक्ष व्यक्तिहरुको सूची सहित के कस्तो खाले सेवा प्रदान गर्ने हो सो सम्बन्धि व्यवसायीक योजना सहितको प्रस्ताव तयार गरी गाउँपालिकामा पेश गर्नु पर्ने छ।

२२. कृषि परामर्षदाता फर्मले प्रदान गर्ने परामर्ष सेवाका आधारमा सम्बन्धित कृषक ले ३५ प्रतिशत र गाउँपालिकाले ६५ प्रतिशत रकम व्यहोर्ने छ।

२३. कृषि परामर्षदाता फर्मले पेश गरेको प्रस्तावका आधारमा सम्झौता गरी कार्य अगाढी बढाईने छ र प्रतिफलका आधारमा मात्र परामर्षदातालाई भुक्तानी गरीने छ ।

## परिच्छेद ६
## व्यवसायिक कृषि करार (लिज)

**२४. व्यवसायिक कृषि करार गर्न सकिने :**

(१) यस ऐन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्न दुई वा दुई भन्दा बढी पक्षबीच व्यवसायिक कृषि करार गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम करार गर्दा प्रचलित नेपाल कानूनको अधिनमा रही पक्षहरूको आपसी सहमतिमा विद्युतीय प्रणालीको माध्यमबाट समेत गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको करार गर्दा अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**२५. जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सकिने:** कुनै व्यक्ति, संस्था वा निकायले कृषि व्यवसाय गर्ने प्रयोजनका लागि व्यक्ति, कृषि फार्म वा व्यवसायी, कृषक समूह वा त्यस्ता कृषक समुह मिलेर बनेको समिति, सहकारीलाई जग्गा तथा भौतिक सम्पत्ति करार गरी उपलब्ध गराउन सक्नेछ ।

**२६. जग्गा तथा भौतिक साधन माग गर्न सक्ने:**

(१) कुनै कृषक वा कृषि व्यवसायीले व्यवसायिक रूपमा कृषि सम्बन्धी कार्य गर्नको लागि प्रचलित कानूनको प्रतिकूल नहुने गरी करार बमोजिम जग्गा तथा भौतिक साधन प्राप्त गर्न दफा २५ बमोजिमका व्यक्ति वा निकायसँग माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जग्गा तथा भौतिक साधन माग भई आएमा निश्चित अवधि तोकी प्रचलित कानून बमोजिम सम्बन्धित निकायले करारमा जग्गा तथा भौतिक साधन उपलव्ध गराउन सक्नेछ ।

(३) जग्गा तथा भौतिक साधन उपलब्ध गराउने सम्बन्धी प्रक्रिया तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) खेती नगरी लगातार २ बर्षसम्म बाँझो रहेको कृषि योग्य जमिन स्थानीय सरकारले तोकिए वमोजिम कृषि प्रयोजनका लागि प्रयोगमा ल्याउन सक्नेछ ।

**२७. स्वामित्व हस्तान्तरण नहुने:** यस ऐनको दफा २५ बमोजिम कुनै जग्गा वा भौतिक साधन उपलब्ध गराएको अवस्थामा करार गरेको वा लिजमा लिएको कारणले मात्र जग्गा वा भौतिक साधनमा करारका पक्षको स्वामित्व हस्तान्तरण हुने छैन ।

**२८. पुनः करार गर्न नहुने :** यस कार्यविधि बमोजिम करार गर्ने पक्षले दोश्रो पक्षको सहमती नलिइ सोही बिषयमा तेश्रो पक्षसँग पुनः करार गर्न पाउने छैनन ।

**२९. व्यवसायिक कृषि करारका विषयवस्तुहरू:**

(१) यस कार्यविधि बमोजिम कृषि करार गर्दा करारको प्रकृति र अवस्था अनुरूप अनुसूची -५ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) यस ऐनको प्रतिकुल नहुने गरी पक्षहरूको सहमतिमा उपदफा (१) मा उल्लेखित विषय बाहेकका अन्य उपयुक्त विषयवस्तुहरू समेत व्यवसायिक कृषि करारमा समावेश गर्न सकिनेछ ।

**३०. व्यवसायिक कृषि करारका पक्षहरूको दायित्व :**

(१) यस ऐनको दफा २५ वा २६ बमोजिम कृषि व्यवसाय सञ्चालन गर्न लिएको जग्गा तथा भौतिक साधनमा पक्षहरूको दायित्व यस कार्यविधिमा उल्लेख भएको अतिरिक्त अन्य दायित्व करारमा तोकिए बमोजिम हुनेछ ।

(२) कृषि वस्तुको परिमाण वा क्षेत्र तोकी गरिने व्यवसायमा पक्षहरूको दायित्व पक्षहरू बीच करार भएकोमा यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य कुराहरू करारमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) व्यवसायिक कृषि करार गर्ने पक्षहरूले कृषि करार प्रयोजनको लागि कृषि उत्पादन सामग्री, प्रविधि र ऋण वा अन्य सहायता आफै वा वित्तीय संस्थाहरू मार्फत तोकिएका शर्तहरूको आधारमा उपलब्ध गराउने गरी आ-आफ्नो दायित्व निर्धारण गर्न सक्नेछन् ।

(४) व्यवसायिक कृषि करार गर्ने पक्षहरूले प्रचलित कानूनको प्रतिकूल नहुने गरी गर्नु पर्नेछ ।

**३१. करार पूरा गर्नु पर्ने समय र तरिकाः**

(१) करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख भएकोमा उल्लिखित समयभित्र र उल्लिखित तरिका बमोजिम करार पूरा गर्नु पर्नेछ ।

(२) करार बमोजिमको काम गर्न करारमा कुनै समय वा तरिका तोकिएको रहनेछ तर सो काम कुनै खास समयमा वा कुनै खास तरिकाले मात्र गर्न सकिने रहेछ भने सोही समयमा सोही तरिका बमोजिम गर्ने गरी करार भएको मानिनेछ ।

(३) उपदफा (२) मा लेखिएको अवस्थामा बाहेक करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख नभएमा उचित समयभित्र उपयुक्त तरिका अपनाई पूरा गर्नु पर्नेछ ।

**३१. करार पूरा गर्ने स्थानः**

(१) करार बमोजिम काम पूरा गर्न कुनै निश्चित स्थान तोकिएको रहेछ भने सो काम सोही स्थानमा पूरा गर्नु पर्नेछ ।

(२) करार बमोजिम कुनै एक पक्षले अर्को पक्षलाई कुनै मालसामान दिने वा बुझाउने स्थान करारमा तोकिएको रहेछ भने सोही स्थानमा नै दिनु वा बुझाउनु पर्नेछ ।

(३) करार बमोजिम काम गर्ने निश्चित स्थान नतोकिएको तर सो काम कुनै खास स्थानमा मात्र गर्न सकिने वा चलन व्यवहार वा सो कामको प्रकृति अनुसार कुनै खास स्थानमा मात्र गर्नु पर्ने किसिमको रहेछ भने सो काम सोही स्थानमा गर्ने गरी करार भएको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा लेखिए देखि बाहेक अन्य अवस्थामा करार बमोजिम काम गर्ने स्थान करारमा उल्लेख भएको रहेनछ भने करार बमोजिम काम गर्ने पक्षले अर्को पक्षलाई मनासिब माफिकको स्थान तोकिदिन सूचना गर्नु पर्नेछ र अर्को पक्षले पनि सो काम गर्न मनासिब माफिकको स्थान तोकिदिनु पर्नेछ ।

**३२. करार पूरा गर्नु नपर्ने अवस्थाः** देहायका अवस्थामा करार बमोजिम काम गर्न आवश्यक पर्नेछैन ।

(क) करारको एक पक्षले अर्को पक्षलाई करार बमोजिमको दायित्व पूरा गर्नु नपर्ने गरी छुट दिएमा,

(ख) बदर गराउन सकिने करार बदर गराउन पाउने पक्षले बदर गराएमा, (ग) अर्को पक्षले करार उल्लंघन गरेको कारणबाट करारको परिपालना हुन नसक्ने भएमा, (घ) यस ऐनको कुनै व्यवस्था बमोजिम करार बमोजिमको काम गर्नु नपर्ने भएमा, (ङ) करार गर्दाको परिस्थितीमा आधारभूत परिवर्तन भै करारको परिपालना गर्न असम्भव भएमा ।

**३३. करार दर्ता गर्नु पर्नेः**

(१) यस कार्यविधि अन्तर्गत सम्पन्न गरिएका करारहरू सम्झौता भएको मितिले पैतिस दिनभित्र गाउँपालिकामा दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम करार दर्ता गर्दा तोकिए बमोजिमको दस्तुर लाग्नेछ ।

(३) दर्ता नगरिएको करारको आधारमा नेपाल सरकार वा अन्य निकायले दिने सुविधा वा सहुलियत दिने प्रयोजनको लागि मान्यता प्राप्त गर्ने छैन ।

(४) उपदफा (१) बमोजिम भएको करारको आधिकारिक प्रति गाउँपालिकाको तोकिएको अधिकारीले अनिवार्य रूपले राख्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको करार दर्ता गर्न दुवै पक्षहरू स्वयम् वा उनीहरूको कानुन बमोजिमको प्रतिनिधि उपस्थित हुनु पर्नेछ ।

(६) नगरपालिकाले कुनै व्यवसायी वा कृषकले कृषि करार दर्ता गर्न ल्याएकोमा दर्ता गर्ने अधिकारीले यस कार्यविधि बमोजिम उल्लेख हुनुपर्ने कुनै कुरा उल्लेख नभएको वा अनुचित प्रावधान उल्लेख भएकोमा सो परिमार्जन गरेर मात्र दर्ता गर्न आदेश दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम दिइएको आदेश करारका पक्षहरूले पालन गर्नु पर्नेछ ।

**परिच्छेद ७**

## कृषि बजार सम्वन्धी व्यवस्था

**३४ कृषि बजारको स्थापना:** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको कुनै पनि स्थानमा कृषि बजारको स्थापना गर्न सक्नेछ

(२) कृषि सम्वन्धी सहकारी वा कृषि सम्वन्धी व्यवसायिक संस्थाले गाउँपालिकाको अनुमति लिई कृषि बजारको स्थापना गर्न सक्नेछ ।

**३५. कृषि बजारको वर्गीकरण :** (१) यस कार्यविधिको दफा ३४ बमोजिम स्थापना हुने कृषि बजारको वर्गीकरण देहाय बमोजिमको हुनेछ :- (क) थोक बजार, (ख) खुद्रा बजार, (ग) हाट-बजार, (घ) संकलन केन्द्र । (२) उपदफा (१) बमोजिमको बजार सञ्चालन वापत लाग्ने शुल्क नगर सभाले तोके बमोजिम हुनेछ । (३) बजार सञ्चालन सम्वन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**३६. कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति :** (१) यस कार्यविधिको दफा ३४ बमोजिम स्थापना भएको कृषि बजारको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

(२) कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ८
## कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था

**३७. स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समितिः** (१) कृषि क्षेत्रको समग्र विकास तथा प्रवर्द्धन लगायतका कार्य गर्न **सुर्नया** गाउँपालिकामा एक स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोमिजका सदस्यहरू रहने छन् :-

| | |
|---|---|
| (क) अध्यक्ष | अध्यक्ष |
| (ख) कृषि क्षेत्र हेर्ने कार्यपालिकाको संयोजक र सदस्य गरि २ जना | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) गाउँपालिका को खाद्य सुरक्षा समितिको संयोजक वा प्रमुख | सदस्य |
| (ब) समितिले मनोनयन गरेका विज्ञ सदस्य एक जना | सदस्य |
| (च) समितिले मनोनयन गरेका व्यवसायिक किसान मध्ये एक जना महिला सहित २ जना सदस्य | |
| (छ) समितिले मनोनित गरेको कृषि व्यवासाय संचालन गरी रहेको अग्रणी सहकारी मध्ये एक जना | सदस्य |
| (ज) समितिले मनोनयन गरेको कृषिको वजारिकरण सम्वन्धि विभिन्न वजार समिति मध्येवाट एक जना | सदस्य |
| (झ) कृषि तथा खाद्य सुरक्षा क्षेत्रमा उल्येख कार्य गरिरहेको तथा अनुभव भएको गैससवाट नगर गैसस समन्वय समिति/ गैसस महासंघले सिफारिस गरेको एक जना | सदस्य |
| (ञ) गाउँपालिकाको कृषि शाखा प्रमुख | सदस्य सचिव |

(३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्नसक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिले यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न उप– समितिहरू गठन गर्न सक्नेछ ।

(६) समितिको सचिवालय गाउँपालिकाको कृषि क्षेत्र हेर्ने शाखामा रहनेछ ।

**३८. समितिको काम, कर्तव्य र अधिकारः** यस कार्यविधिमा अन्यत्र व्यवस्था भएदेखि वाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) स्थानीयस्तरमा कृषि व्यवसाय प्रवर्द्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गर्ने,

(ख) कृषि व्यवसाय प्रवर्द्धन गर्न संघीय तथा प्रादेशिक निकायसँग समन्वय र सहकार्य गर्ने

(ग) कृषि व्यवसायको प्रवर्द्धन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,

(घ) कृषि व्यवसायको प्रवर्द्धन गर्ने सम्बन्धमा कार्यक्रम सञ्चालन गर्ने,

(ड.) कृषि व्यवसाय प्रवद्धर्न गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न प्रवर्द्धनात्मक कार्यहरू गर्ने,

(च) कृषि व्यवसाय प्रवर्द्धन कोषको सञ्चालन गर्ने,

छ) कृषि व्यवसाय संचालनका लागि प्रस्तावहरु आब्हान गर्ने, प्रस्तावहरुको मूल्याँकन गर्ने तथा प्रस्तावहरु छनौट गर्ने ।

(ज) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्ने ।

**३९. अनुगमन मुल्याकन तथा अनुदान वितरण सिफारिस समितिः**

(१) कृषि क्षेत्रको समग्र विकास तथा प्रवर्द्धन कार्यमा लक्षित तथा वास्तवीक कार्य गर्ने किसान कहाँ योजना पुर्‍याउन प्राप्त निवेदन, पकेटको सिफारिस क्षेत्रमा अनुगमन सुपरिवेक्षण गरि मूलयाकनका आधारमा अनुदान वितरण गर्न सिफारिस गर्न अनुगमन मुल्याकन तथा अनुदान वितरण सिफारिस समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोमिजका सदस्यहरू रहने छन् :-

| | |
|---|---|
| (क) प्रमूख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत | संयोजक |
| (ख) पशु पंक्षि विकास शाखा प्रमुख | सदस्य |
| (ग) अध्यक्षले तोकेको प्रशासनिक कर्मचारी १ जना | सदस्य |
| (घ) गाउपालिकास्तरीय कृषक समन्वय समितीको पदाधिकारी | सदस्य |
| (ङ) गाउँपालिकाको कृषि शाखा प्रमुख | सदस्य सचिव |

**४०. अनुगमन मूल्याकन तथा अनुदान वितरण सिफारिस समितिको काम, कर्तव्य र अधिकारः**

(१) यस कार्यविधिमा अन्यत्र व्यवस्था भए देखि वाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) अनुदान वितरण पुर्व गाउँपालिकाका पकेट लगायतका क्षेत्र, आवेदन दिएका किसानको माग योजनाहरुको अवस्था अर्थात सम्भाव्यता सुपरिवेक्षण तथा अनुगमन गर्ने ।

(ख) नगरको नीति कार्यक्रम अनुरुप कृषि क्षेत्रको विकासका लागि तय भएका कार्यक्रमलाई प्रभावकारी वनाउन आवश्यक प्रभावकारी प्रकृया अपनाउन सहजीकरण गर्ने ।

(ग) अनुगमनका क्रममा योजना समाबेश गर्ने वा नगर्ने निक्यौंल गरि निर्णय सहित आवश्यक सिफारिस गर्ने ।

(घ) योजनाहरुमा अनुदानको मादण्ड अनुसार आवश्यक भए नभएको हेर्ने र योजनाको आवश्यकता र प्रभावकारीता हेरी अनुदान कति सम्म दिन मिल्ने सोको पुष्ट्याई सहित सिफारिस गर्ने ।

(ङ) नयाँ प्रविधि, वढी रोजगारी सृजना, उत्पादन वढावा दिने, वढी आम्दानी दिने र सहकारी खेतीलाई अनुदानमा

प्राथमिकता दिर्ने ।

(च) कृषि कार्यक्रमको सूचना वमोजिम पर्न आएका निवेदन, प्रश्तावना आदिको मूल्याकन गरि छनौट गर्ने र निर्णयका लागि सिफारिस गर्ने ।

(छ) संचालनमा रहेका योजनाहरको अनुगमन निरिक्षण गरी भुक्तानीका लागि सिफारीस गर्ने ।

(ज) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्ने ।

**४१. कृषि ऋण :** (१) कुनै पनि बैंक वा वित्तीय संस्थाले सो संस्थाको नियम बमोजिम कृषि ऋण उपलव्ध गराउन सक्नेछ

(२) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधि बमोजिमको व्यावसायिक कृषि करार सम्बन्धी सम्झौतालाई धितोको रूपमा स्वीकार गरी कुनै बैंक वा वित्तीय संस्थाले उपदफा (१) बमोजिमको ऋण उपलव्ध गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम उपलव्ध गराउने ऋणलाई सरकारको अति प्राथमकिता क्षेत्रमा कर्जा लगानी गरेको सरह मानी सो वापत उक्त बैंक वा वित्तीय संस्थाले पाउने सुविधा समेत पाउन सक्नेछ ।

(४) कुनै बैंक वा वित्तीय संस्थाले उपदफा (२) बमोजिम गरेको लगानी उठ्न नसक्ने भई अपलेखन गर्नु पर्ने भएमा सो अपलेखन गरेको वर्षको खुद कर योग्य आयबाट सो अङ्क बरावरको रकम घटाउन सक्नेछ ।

## परिच्छेद ९
## कोषको स्थापना तथा सञ्चालन

**४२. कोषको स्थापना:** (१) कृषि व्यवसाय प्रवर्द्धन गर्नका लागि एक छुट्टै कृषि व्यवसाय प्रवर्द्धन कोषको स्थापना गरिनेछ

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् :-

(क) संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त रकम,

(ख) गाउँपालिकाबाट प्राप्त रकम,

(ग) नेपाल सरकारबाट विदेशी सरकार, अन्तराष्ट्रिय संघ संस्थासँग सम्झौता गरी स्थानीय तहमा विनियोजित रकम वापत प्राप्त रकम

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि संघीय अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

**४३. कोषको सञ्चालन:** (१) गाउँपालिकाको नीति, कानुन तथा निर्देशन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्नका लागि कोषको रकम खर्च गरिनेछ ।

(२) कोषको सचिवालय गाउँपालिका अन्तर्गतको कृषि शाखामा रहनेछ ।

**४४. कोषको सञ्चालन सम्बन्धी व्यवस्था:** (१) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च दफा ४२ बमोजिमको कोषबाट तोकिए बमेजिम व्यहोरिनेछ ।

(२) समितिको कोषमा रहेको रकम समितिले प्रचलित कानून बमोजिम कुनै बैकमा खाता खोली जम्मा गर्नेछ ।

(३) समितिको कोषको सञ्चालन समितिको अध्यक्ष वा सदस्य-सचिव र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४५. लेखा र लेखापरीक्षण:** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद १०
## विवाद समाधान

४६. **विवादको समाधान :** (१) यस कार्यविधि अन्तर्गत गरिएका कृषि करारको कार्यान्वयनको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा त्यस्ता विवादहरू पक्षहरूले आपसी बार्ताबाट समाधान गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम वार्ताबाट विवाद समाधान हुन नसकेमा पक्षहरूले प्रचलित कानुन बमोजिम स्थानीय न्यायिक समितिमा निबेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निबेदन पर्न आएमा स्थानीय न्यायिक समितिले पैतिस दिन भित्र मेलमिलापको माध्यमबाट विवादको टुंङ्गो लगाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम भएको विवादको टुंङ्गो उपर चित्त नवुझने त्यस्तो पक्षले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम ३५ दिनभित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम मेलमिलापबाट विवाद समाधान हुन नसकेमा पक्षहरूले प्रचलित कानुन बमोजिम मध्यस्थता सम्बन्धी कारवाही अगाडी बढाउन समेत सक्नेछन् ।

(६) मध्यस्थता सम्बन्धी कारवाही अगाडी बढाउँदा मध्यस्थकर्ताको नाम करारमा नै उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

(७) उपदफा (६) बमोजिम करारमा नाम उल्लेख नभएकोमा पक्षहरूका प्रतिनिधि, स्थानीय तहका प्रतिनिधि वा स्थानीय तहबाट तोकिएका बिषयविज्ञ वा मेलमिलापकर्ता सहितको मध्यस्थता समितिको गठन गरिनेछ ।

(८) उपदफा (७) बमोजिम मध्यस्थता चयनको लागि दुबै पक्षहरूबाट अनुरोध भइ आएमा सम्वन्धित व्यक्ति वा कार्यालयले अनिवार्य रूपमा ७ दिन भित्रमा लिखित सहमति वा असहमति दिनु पर्नेछ ।

(९) मध्यस्थता समितिले उजुरी परेको सात दिनभित्र वार्ताद्वारा विवादको समाधान गर्नु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम विवाद समाधान हुन नसकेमा सम्वन्धित पक्षलाई उजुरी उपर सात दिनको म्याद दिइ प्रतिवाद गर्ने मौका दिनु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिमको समयावधिभित्र सम्वन्धित पक्षले प्रतिवाद गरी वा नगरी बसेमा सो व्यहोरा उल्लेख गरी मध्यस्थता समितिले थप सात दिनभित्रमा आफ्नो निर्णय दिनु पर्नेछ ।

(१२) उपदफा (११) बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय अन्तिम हुनेछ ।

(१३) यस कार्यविधि बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय उपर चित्त नवुझने पक्षले मध्यस्थता ऐन, २०५५ को म्यादभित्रै सम्बन्धित उच्च अदालतमा निवेदन दिन सक्नेछ ।

(१४) मध्यस्थता समितिको अन्य कार्यविधि करारमा उल्लेख भएकोमा सोही बमोजिम र अन्यका हकमा मध्यस्थता समितिले तोके बमोजिम हुनेछ ।

(१५) मध्यस्थकर्ताले पारिश्रमिक र सुविधा पक्षहरूबाट लिन सक्ने छन् ।

४७. **म्याद सम्बन्धमा :** यस कार्यविधि बमोजिमको विवादमा पक्षको काबु वाहिरको परिस्थिति परी यस कार्यविधिको दफा ४६ को उपदफा (१०) बमोजिमको म्याद गुज्रन गएमा एक पटकलाई बढीमा पन्ध्र दिन म्याद थाम्न पाउनेछ ।

४८. **मध्यस्थता समितिको निर्णयको कार्यान्वयन :** (१) मध्यस्थता समितिको निर्णय भएको सात दिनभित्रमा पक्षहरूले निर्णय कार्यान्वयन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै पक्षले तोकिएको समयमा निर्णयको कार्यान्वयन नगरेमा त्यस्तो निर्णयको कार्यान्वयनमा

जिल्ला प्रशासन कार्यालय र अन्य निकायको सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्यालयले निर्णय कार्यान्वयन गर्ने सिलशिलामा सम्बन्धित पक्षको सम्पत्ति वा कारोबार रोक्का राख्न, त्यस्तो सम्पत्ति वा कारोबार रोक्का राखेकोमा फुकुवा गर्न लेखि पठाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम रोक्का वा फुकुवा गरिदिन अनुरोध भई आएमा सम्वन्धित मालपोत कार्यालय, बैंक वा वित्तीय संस्थाले त्यस्तो सम्पत्ति वा कारोबारको रोक्का वा फुकुवा गर्नु पर्नेछ ।

(५) मध्यस्थता सम्बन्धी बिषयमा यस कार्यविधि उल्लेखित बिषयका हकमा यसै कार्यविधि बमोजिम र अन्य बिषयका हकमा मध्यस्थता ऐन, २०५५ बमोजिम हुनेछ ।

## परिच्छेद ११
## विविध

**४९. व्यवसाय दर्ता गर्नु पर्ने** :(१) करार गरी कृषि व्यवसाय सञ्चालन गर्न चाहने कृषक, कृषि फार्म वा एजेण्ट लगायतले दर्ता नगरी व्यवसाय सञ्चालन गर्न हुदैन ।

(२) उपदफा (१) बमोजिमको व्यवसाय दर्ता प्रमुख प्रशासकिय अधिकृतले गर्नेछ । निजले कम्तिमा अधिकृतस्तरको कुनै कर्मचारीलाई आवश्यकता अनुसार यस्तो करार दर्ता गर्ने अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(३) व्यवसाय करार दर्ता तथा शुल्क लगायतका अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**५०. क्षतिपूर्ति सम्बन्धी व्यवस्था** : (१) करार कार्यान्वयनको सन्दर्भमा कुनै पक्षका काम कारवाहीबाट अर्को पक्षलाई क्षति पुग्न गएमा करारमा नै क्षतिपूर्तिको मात्रा तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा सम्झौताको प्रकृति, स्थलगत निरीक्षण, स्थानीय सर्जमिन, विशेषज्ञको राय, प्रचलित दरभाउ समेत बुझी सोको आधारमा मर्का पर्ने पक्षलाई मध्यस्थता समितिले क्षतिपूर्ति भराइदिने निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्षको काबु वाहिरको परिस्थितिले गर्दा करारको यथावत् परिपालना हुन नसकेको अवस्थामा यस कार्यविधि बमोजिमको दायित्व तिर्नु व्यहोर्नु पर्ने छैन । तर करार गर्दाको अवस्थामा पक्षवीच कुनै लेनदेन भएको रहेछ भने अवस्था हेरी मर्का पर्ने पक्षलाई लेनदेनको सामान, वस्तु वा नगद फिर्ता दिनु पर्नेछ ।

**५१. कारवाही चलाउने तथा दण्ड सजाय गर्ने अधिकारी** :(१) यस कार्यविधि बमोजिम दण्ड सजाय गर्ने वा क्षतिपूर्ति भराउने अधिकार स्थानीय न्यायीक समितिलाई हुनेछ ।

(२) यस कार्यविधि बमोजिम कारवाही तथा सजाय हुने मुद्दा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

**५२. दण्ड सजाय** :(१) कसैले यस कार्यविधिको देहाय बमोजिम कसुर गरेमा देहाय बमोजिमको सजाय हुनेछ:

(क) दफा ३४ र ३५ विपरित कृषि बजार स्थापना र सञ्चालन गरेमा पच्चिस हजार देखि पचास हजार रूपैयाँ सम्म,।

(ख) मनासिव कारण वेगर दफा ४९ को उपदफा (२) को कार्य नगरेमा वा गर्न इन्कार गरेमा त्यस्तो कार्यालयको मुख्य भई कार्य गर्ने अधिकारी वा त्यस्तो कार्य कुनै अधिकारीलाई प्रत्यायोजन गरिएकोमा त्यस्तो जिम्मेवारी प्राप्त अधिकारीलाई पच्चिस हजार देखि पचास हजार रूपैयाँसम्म,

(ग) दफा ५० बमोजिम क्षतिपूर्ति भर्ने आदेश दिएकोमा लापरवाही पूर्वक त्यस्तो क्षतिपूर्ति नदिएमा त्यस्तो अटेर गर्नेलाई पच्चिस हजार देखि पचास हजार रूपैयाँसम्म ।

(घ) यस कार्यविधि वा यस कार्यविधि अन्तरगत बनेको नियमावली विपरित कुनै कार्य गरी त्यसबाट कसैको हानी

नोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजबाट नै भराईनेछ ।

**५३. पुनरावदेनः** यस कार्यविधिको को दफा ३१ बमोजिम दिएको सजायमा चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

**५४. बीमा सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम करार गरी गरिएको कृषि उपजको उत्पादनको सम्झौताको आधारमा विमा समितिले तोकेको प्रकृया पुरा गरी त्यस्तो वीमा कार्य गर्न अख्तियार पाएको विमा कम्पनीले विमा गर्नेछ ।

(२) वीमा गर्ने प्रक्रियाका सम्बन्धमा वीमा समितिले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(३) यस कार्यविधि बमोजिम गरिने व्यावसायिक कृषि करार सम्वन्धित निकायमा दर्ता हुना साथ सोही मितिबाट लागू हुने गरी सम्बन्धित वीमा कम्पनीले वीमा गर्न सक्नेछ ।

(४) कुनै वीमा कम्पनीले व्यावसायिक कृषि करारको विमा गर्दा तिर्नु परेको क्षतिको अङ्क बराबर आफ्नो खुद करयोग्य आयबाट घटाउन पाउनेछ ।

**५५. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**५७. वौद्धिक सम्पत्तीको संरक्षण गर्नु पर्नेः** यस कार्यविधि बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्दा वा व्यवसायिक कृषि करार गर्दा वौद्धिक सम्पत्ती, भौगोलिक परिचय तथा कृषक अधिकार समेतको संरक्षण हुने गरी गर्नु पर्नेछ ।

**५८. नियम वनाउन सक्ने**ः यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, मापदण्ड बनाउन सक्नेछ ।

**५९. बचाऊः** यस कार्यविधिको उद्देश्य तथा बिषयक्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरू यसै कार्यविधि वमोजिम भएको मानिनेछ ।

## अनुसूची -१
### दफा २ को खण्ड (छ) सँग सम्बन्धित

(१) खाद्यान्न बाली,

(२) वागवानी जन्यः फलफूल, तरकारी, मसलाबाली, पूष्प

(३) पशु, पंछी

(४) माछा, मासु, दुध, फुल, हाड, छाला, ऊन

(५) च्याउ,

(६) मौरी, रेशम

(७) चिया, कफी, अलैची, सुपारी, घाँसेवाली

(८) तेलहन, दलहन

(९) कपास, जुट, उखु, जडीवुटीखेती,

(१०) कृषि पर्यटन

(११) कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन र सो शब्दले औधोगिक प्रयोजनमा हुने कृषिवस्तुहरू

(१२) कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योग

(१३) कृषि तथा पशुजन्य उत्पादन सामाग्री (दाना, मलखाद, विषादी, औषधी) आदिको प्रसोधन उद्योग

(१४) खेती प्रणालीमा समाबिष्ट कृषि तथा पशुजन्य बस्तहरू ।

(क) करारका पक्षहरू,

(ख) करार खेतीको क्षेत्र,

(ग) जग्गा र भौतिक साधन,

(घ) वस्तुको विवरण, मात्रा,

(ङ.) गुणस्तर,

(च) सम्झौताको अवधि,

**अनुसूची -२**
**(दफा ९सँग सम्बन्धित )**

श्री सुर्नया गाउँपालिका
गाउ कार्यपालिकाको कार्यालय
बैतडी

मितिः

विषय : व्यवसायीक कृषि उत्पादनका लागि इच्छापत्र पेश गर्ने बारे ।

यस गाउँपालिका अन्तरगत दर्ता भई समयमा नै नविकारण भएका कृषक समूह, कृषि उद्यमी तथा कृषि सहकारीहरुलाई यो सूचना प्रकाशन भएको मिति ले ३० दिन भित्र यस गाउँपालिकाले तोकेको ढाँचा अनुसारको फर्मेटमा आफुले संचालन गर्न खोजेको कृषि व्यवसाय सम्बन्धि इच्छापत्र पेश गर्न हुन यो सूचना प्रकाशन गरीएको छ ।

प्रमुख प्रशासकीय अधिकृत

सुर्नया गाउँपालिका

सुन्दा गाउपालिका

**अनुसूची -३**
**(दफा १० सँग सम्बन्धित )**

## व्यवसायीक कृषकहरुको वर्गिकरण

| विवरण | | | |
|---|---|---|---|
| | साना व्यवसायी | मझौला व्यवसायी | ठूला व्यवसायी |
| बीउ उत्पादन गर्ने कृषक | ३ रोपनीमा बीउ उत्पादन गर्ने | ४ देखि १० रोपनीमा बीउ उत्पादन गर्ने | ११ कट्ठा भन्दा माथी बीउ उत्पादन गर्ने |
| उन्नत बीउ माग गर्ने कृषक | ५ रोपनी भन्दा कम जमीन भएको | ६ रोपनी देखि १२ रोपनी जमीन भएको | १२ रोपनी भन्दा बढी जमीन भएको |
| फलफूलका बोट विरुवा | करेसा बगैचामा लगाउने कृषक | ३ रोपनी देखि १० रोपनी जमीनमा लगाउने कृषक | ११ रोपनी भन्दा माथी लगाउने कृषक |
| कुखुरा हाँसका चल्ला | | | |
| कृषि यन्त्रहरु (मिनी ट्याक्टर, पावर टिलर, थ्रेसर, रोटाभेटर, एरियटर, दाना बनाउने मेसिन, घास काट्ने मेसिन, मकै छोडाउने मेसिन, राइस टान्सप्लान्टर, पोट्याटो प्लान्टर, विडर, हार्भेष्टर आदी) | ३ रोपनी भन्दा कम जमीन भएको | ४ रोपनी देखि १० रोपनी जमीन भएको | १० रोपनी भन्दा बढी जमीन भएको |
| नविन प्रविधि (पोली हाउस, थोपा सिचाई, फर्टिगेशन आदी) | ३ रोपनी भन्दा कम | ४ रोपनी देखि १० रोपनी | १० रोपनी भन्दा बढी |

| | | | |
|---|---|---|---|
| | जमीन भएको | जमीन भएको | जमीन भएको |
| साना सिचाई | ३ रोपनी भन्दा कम जमीन भएको | ४ रोपनी देखि १० रोपनी जमीन भएको | १० रोपनी भन्दा बढी जमीन भएको |
| प्राविधिक सेवा | ३ रोपनी भन्दा कम जमीन भएको | ४ रोपनी देखि १० रोपनी जमीन भएको | ११ रोपनी भन्दा बढी जमीन भएको |
| गोठ सुधार | ३ रोपनी भन्दा कम जमीन भएको | ४ रोपनी देखि १० रोपनी जमीन भएको | ११ रोपनी भन्दा बढी जमीन भएको |
| भकारो सुधार | ३ रोपनी भन्दा कम जमीन भएको | ४ रोपनी देखि १० रोपनी जमीन भएको | ११ रोपनी भन्दा बढी जमीन भएको |
| प्रांगारीक उत्पादन | ५ रोपनीमा प्रांगारीक उत्पादन | ६ देखि १० रोपनीमा प्रांगारीक उत्पादन | १० रोपनी भन्दा माथी प्रांगारीक उत्पादन |
| हाट बजार संचालन | | | |
| पोष्ट हार्भेट (कृषिजन्य उद्योग स्थापना, भण्डारण, क्रेट, सिड विन आदी | | | |
| व्यसायीक पशुपालन (गाई पालन, भैसी पालन, बंगुर पालन ) | | | |
| व्यवायीक कुखुरा पालन | | | |
| व्यवसायीक च्याउ उत्पादन | | | |

सुनन्या गाउपालिका

**अनुसूची -४**
**(दफा १२ सँग सम्बन्धित )**

प्रस्ताव पेश गर्दा समावेश गरीनु पर्ने बुँदाहरु

१. आयोजनाको परिचय

- प्रस्तावना के, कसरी र के कार्य लागि पेश गर्नु भएको हो संक्षिप्त विवरण

२. आयोजनाको औचित्य, आधारहरु

- सम्भाव्यता
- बजारको माग

३. आयोजनाको प्राविधिक कार्यान्वयन तरिका

- कार्यान्वयन तरिका
- कार्य तालिका र बजेट स्रोत
- आवश्यक सरसामग्रीहरुको उपलब्धता
- समयको प्रयाप्तता
- रचनात्मक तत्वहरु

४. आयोजनाको आर्थिक अवस्था र पक्ष

- व्यवसायीक सोच
- बजार विश्लेषण
- वित्तिय विश्लेषण

५. वातावरणीय अवस्था र पक्ष

- वातावरणमा पर्ने प्रभाव
- जोखिम मूल्याँकन
- निराकरणका उपायहरु

६. व्यवस्थापन

- कायान्वयनमा आउने जोखिम र त्यसको व्यवस्थापन
- सम्बन्धित निकाय बीच समन्वय र सहकार्य

७. दीगोपनाको सम्भावना

- उपलब्धि र प्रतिफललाई दीगो राख्ने क्षमता
- नाफा गर्न सक्ने क्षमता
- दीर्घकालीन लक्षको निर्धारण

मल्लेखा गाउँपालिका

अनुसूची -५

(दफा २९ सँग सम्बन्धित )

(क) उत्पादन गरिने वस्तुको खरिद/बिक्री मूल्य,

(ख) भुक्तानीको प्रक्रिया,

(ग) ढुवानीको दायित्व,

(घ) उत्पादन प्रक्रिया,

(ङ.) अनुगमनका पक्षहरू,

(१) काबु बाहिरको परिस्थितिबाट उत्पादनमा पर्न सक्ने असर र त्यसको दायित्व,

(२) गुणस्तर निर्धारणका आधारहरू,

(३) पक्षहरूले एक अर्कोलाई उपलब्ध गराउने सेवा तथा सुविधा,

४) करारको पालनामा विवाद भएमा अपनाइने समाधानका उपाय जस्तै मेलमिलाप तथा मध्यस्थता लगायतका विषय वस्तुहरू आदि ।

(५) कृषि उपजको मूल्य निर्धारण सम्वन्धी व्यवस्था ।

सुनन्या गाउँपालिका

**अनुसूची-६**
**(दफा ४ संग सम्बन्धित)**

...................................... कृषक समूहको विधान

**प्रस्तावनाः**

समाजमा कृषि जनजीविकाको मुख्य श्रोत भएको हुँदा कृषि प्रणालीमा आधुनिकता ल्याई कृषि विविधिकरण तथा व्यवसायिकरणका लागि यस सुर्नया गाउपालिका वडा नं. ...........मा छरिएर रहेका कृषकहरुलाई संगठित गर्न .............................. कृषक समूह ................................ वैतडीको विधान तयार गरी लागु भएको छ ।

**परिच्छेद-१**
कृषि समुहको विधानको ढांचा
प्रारम्भिकः
संक्षिप्त नाम र प्रारम्भः

प्रारम्भिकः
**१. संक्षिप्त नाम र प्रारम्भः**
१.१ यस विधानको नाम ....................... कृषक समूह ..................... को विधान ............... रहेको छ ।
१.२ यो विधान यसका सदस्यहरुका लागि मात्र अधिकार प्राप्त अधिकारीको स्वीकृति पछि मात्र लागु हुनेछ।
**२. समूहको छाप :**
**३. कार्यालय रहने स्थान :**
यस समूहको कार्यालय हाललाई ................................................वडा नं......मा रहनेछ ।
**४. कार्यक्षेत्र :**
यो विधानको कार्यक्षेत्र यस विधानका सदस्यहरु रहने स्थानका साथै अन्य कृषि वस्तु बजारको लागि नगर क्षेत्रका विभिन्न बजारहरु हुनेछ ।

**परिच्छेद-२**

**उद्देश्यहरुः**

**५. उद्देश्यहरुः**
(क)
(ख)
(ग)
(घ)

**परिच्छेद-३**

**सदस्यहरुको विवरण**

**६. सदस्यहरुको विवरण**

| क्र.सं. | सदस्यको नाम | ठेगाना | खेती योग्य क्षेत्रफल |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

सुर्नया गाउपालिका

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**७. सदस्यता शुल्क**

समूह सदस्य बन्नका लागि समूह बैठकले निश्चित शुल्क तोक्ने छ र उक्त शुल्क तिरी सदस्यता लिन सक्नेछ । तर नयाँ सदस्यको हकमा भने समूहले तोकेको शुल्कका साथै हितकोषमा अन्य समूह सदस्यहरुले हालसम्म तिरेको रकम वापत एकमुष्ट वा समूहको निर्णय अनुसार रकम तिरी नयाँ सदस्य थप्न सक्ने छ ।

**८. सदस्य बर्खास्त हुने शर्तहरु :**

यदि समूह सदस्य कसैले समूहको हित विपरित कार्य गरेमा उसको सदस्यता समूह बैठकका उपस्थित सदस्य मध्ये दुई तिहाई सदस्य संख्याको निर्णय अनुसारको रकम तिरी नयाँ सदस्य थप्न सक्ने छ ।

**परिच्छेद - ४**

**समुह भेला**

**९. समूहको भेला :**

समूहले वर्षभरी सम्पादन गरेको कार्यहरुका र समूहको आय-व्यय कम्तिमा पनि वर्षको एक पटक आफ्नो समूहका प्रभाव क्षेत्र भित्रका आम कृषकहरुको एक भेला बोलाई प्रस्तुत गर्नुपर्ने छ र सो को प्रतिवेदन सुर्नया गाउपालिका गाउ कार्यपालिकाको कार्यालय बैतडी पेश गर्नुपर्ने छ ।

**१०. समूहको बैठक र निर्णय :**

(क) समूह बैठक समूहको निर्णय अनुसार तोकेको समय, मिति र स्थानमा हरेक महिनाको कम्तिमा एक पटक बस्ने छ । सो बैठकका निर्णय, गत महिनाका निर्णयको कार्यान्वयनको अवस्था तथा अन्य विवरण सम्बन्धित वडा कार्यालयमाजानकारी गराउनु पर्ने छ ।

(ख) लगातार ६ महिनासम्म समूहको बैठक नबसेमा तथा वडा कार्यालयमा जानकारी नआएमा सुर्नया गाउपालिका गाउ कार्यपालिकाको कार्यालय बैतडी सो समूहको अनुगमन गरी समूह खारेज समेत गर्न सक्ने छ ।

(ग) समूह दर्ता भएपछि हरेक वर्ष श्रावण महिनामा सुर्नया गाउपालिका गाउ कार्यपालिकाको कार्यालय बैतडीमा गई आवश्यक कागजातहरु समेत बुझाई नविकरण गर्नु पर्नेछ ।

**आवश्यक कागजातहरुः**

- समूहको निर्णय
- समूहको बार्षिक कार्ययोजना
- गत वर्ष गरेको गरेको कार्याहरुको प्रतिवेदन तथा एगदष्अि ब्गमष्त को रिपोर्ट
- समूहका सदस्य, हितकोष तथा अन्य विवरणहरु

**परिच्छेद-५**

**समूहको कोष तथा परिचालन**

**११. समूहको कोष तथा परिचालनः**

समूहको मासिक बचत तथा अन्य क्रियाकलापहरुबाट भएको आम्दानी समूहका आवश्यक कार्यहरु तथा समूहको विकासका लागि कृषि विकासका जुनसुकै ठाउँमा पनि समूहको निर्णय अनुसार खर्च गर्न सक्नेछ ।

**परिच्छेद-६**

**विविध**

**१२. विविध**

(क) समूहको विधानको दफा उपदफाहरुमा प्रचलित नियम कानुनसँग बाँझिएमा सो दफा उपदफाहरु बाँझिएको हदसम्म स्वतः निस्कृय हुने छैन ।

(ख) विधान संसोधन, थपघट तथा अन्य परिवर्तनका लागि सामुहिक समझदारी तथा सर्वसम्मतिबाट गरिनेछ । सो कार्यहरुमा सुर्नया गाउपालिका गाउ कार्यपालिकाको कार्यालयको सहयोग समेत लिन सकिने छ ।

.............................................कृषक समूहको बार्षिक कार्ययोजना

आ.व. ........................ समूहको नाम : ...........................................................

ठेगाना अध्यक्षको नाम फोन नं.

| क्र. सं. | कार्य विवरण | क्षेत्रफल | कट्ठा/बिघा | प्रथम चौमासिक (श्रावण-कार्तिक) | दोस्रो चौमासिक (मंसिर-फाल्गुण) | तेस्रो चौमासिक (चैत्र-अषाढ) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | बाली उत्पादन कार्यक्रम<br>(क) बीउ उत्पादन<br>(ख) बाली उत्पादन<br>(ग) उखु उत्पादन | | | | | | |
| २. | वागवानी कार्यक्रम<br>(क) तरकारी उत्पादन<br>(ख) फलफूल विरुवा<br>(ग) मसाला उत्पादन | | | | | | |
| ३. | बाली संरक्षण कार्यक्रम<br>(क) मौरी<br>(ख) च्याउ<br>(ग) अन्य | | | | | | |
| ४. | माछा पालन कार्यक्रम | | | | | | |
| ५. | तालिम तथा भमण कार्यक्रम<br>(क)<br>(ख)<br>(ग) | | | | | | |
| ६. | कृषि औजार खरिद<br>(क)<br>(ख) | | | | | | |
| ७. | बार्षिक साधारण सभा | | | | | | |
| ८. | बार्षिक प्रगति रिपोर्टिंग | | | | | | |

सुर्नया गाउपालिका

**अनुसूची ७**
**( समूह दर्ताको लागि निवेदन तथा विवरण फाराम )**

श्री सुर्नया गाउपालिका
सुर्नया गाउ कार्यपालिका कार्यालय,वैतडी

**विषय :-समुह दर्ता बारे ।**

.............नं वडा कार्यालयको सहयोगमा/हामी आफै संगठित भई ........................................... वडा गठन भएको हाम्रो समूह सुर्नया गाउपालिकामा दर्ता गरी पाउन निम्न विवरण सहित यो निवेदन गरेका छौं ।

समूह अध्यक्षको
नाम:
दस्तखत:
मिति :
समूहको विवरण :
समूहको नाम : .......................................................... स्थापना वर्ष ....................
सुर्नया गाउपालिका वडा नं. ........... गाउँ/टोल ..........................
समूहको उद्देश्य :
१.
२.
३.
४.
सदस्य संख्या पुरुष ................... महिला ................... जम्मा .................

**पदाधिकारीहरुको नाम :**

| क्र.सं. | नाम | पद | शैक्षिक योग्यता | उमेर | जग्गाको क्षेत्रफल | दस्तखत |
|---|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | | | | |
| २ | | उपाध्यक्ष | | | | |
| ३ | | सचिव | | | | |
| ४ | | कोषाध्यक्ष | | | | |
| ५ | | सदस्य | | | | |
| ६ | | सदस्य | | | | |
| ७ | | सदस्य | | | | |
| ८ | | सदस्य | | | | |
| ९ | | सदस्य | | | | |

नियमित बैठक बस्ने दिन .............................
प्रति महिना समूहको हितकोष संकलन हुन सक्ने रु. .....................
हालसम्मको हितकोषमा जम्मा रकम रु. ............................

सुर्नया गाउपालिका

**अनुसूची -८**

(दफा ४ संग सम्बन्धित)

समुह विवरण अद्यावधिक राख्ने

कृषक समुहहरुको विवरण राख्दा समुहको क्रियाकलाप अनुसार सक्रिय अर्ध सकृय र निस्कृय समुह (गठन भएको तर समुहहरुलाई विवरण थाहा नभएको) पनि जनाई राख्नु पर्दछ ।

**समुह विवरण फारामको नमुना**

सुर्नया गाउपालिका

गाउ कार्यपालिकाको कार्यालय

कृषक समुहको विवरण

| सि. न. | समुहको नाम, ठेगाना (वडा समेत) | हालको सदस्य संख्या | | समुह अगुवाको नाम | स्थापना वर्ष | हितकोष रकम रु | समुहको अवस्था (सकृय, अर्ध सकृय, निष्कृय |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

सुर्नया गाउपालिका

अनुसूची -९
(दफा ४ संग सम्बन्धित)

## समुह दर्ता प्रमाण पत्र नमुना

सुर्नया गाउपालिका कृषि समुह दर्ता नं.-

**सुर्नया गाउपालिका**
गाउ कार्यपालिकाको कार्यालय
वैतडी

**कृषक समुह दर्ता प्रमाण-पत्र**

समुह पद्धतिलाई सुव्यवस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुर्‍याउने उदेश्यले यस सुर्नया गाउपालिका वडा नं. …………मा मिति ………गठित श्री ………………………………कृषक समुहलाई यस कार्यालयको अभिलेखमा दर्ता/सुचीकृत गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

……………………… ……………………………
कृषि शाखा प्रमुख प्रमुख प्रशासकीय अधिकृत

मिति :

सुर्नया गाउपालिका